# देवघाट गाउँपालिका

## तनहुँ जिल्ला, प्रदेश नं. ४

# देवघाट गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः २ संख्याः ७ मितिः २०७५/०५/०१


## भाग – २

## देवघाट गाउँपालिका

# देवघाट गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७५

# देवघाट गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७५

**प्रस्तावना**

देवघाट गाउँपालिकाको कानून कार्यान्वयन गर्न, शहरी सुरक्षा, सामाजिक सुरक्षा तथा समाजमा सदाचार कायम गर्न नगर प्रहरीको गठन, व्यवस्थापन तथा काम र कर्तव्य निर्धारण गर्नको लागी नेपालको संविधान, २०७२ को धारा २१४, स्थानीय सरकार संचालन ऐन, २०७४ को धारा १०२, देवघाट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ३ बमोजिम देवघाट गाउँपालिकाको मितिः २०७५।०५।०१ को पच्चिसौं वैठकले यो देवघाट गाउँपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन नियमावली नियमावली, २०७५ वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस नियमावलीको नाम देवघाट गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन नियमावली नियमावली, २०७५ रहेको छ ।

२) यो नियमावली राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

क) “गाउँपालिका” भन्नाले देवघाट गाउँपालिका भन्ने बुझ्नु पर्दछ ।
ख) “कार्यालय” भन्नाले देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भन्ने बुझ्नु पर्दछ ।
ग) “अध्यक्ष” भन्नाले देवघाट गाउँपालिकाका अध्यक्ष भन्ने बुझ्नु पर्दछ ।
घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले देवघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने बुझ्नु पर्दछ ।
ङ) “नगर प्रहरी” भन्नाले नियमावलीको नियम ४ बमोजिम गठित नगर प्रहरी भन्ने बुझ्नु पर्दछ ।

३. **क्षेत्रः** यो नियमावली देवघाट गाउँपालिका क्षेत्रमा लागु हनेछ ।

## परिच्छेद २
## नगर प्रहरीको गठन र पदपुर्ति

४. **नगर प्रहरीको गठनः** १) देवघाट गाउँपालिकामा स्विकृत दरवन्दी संरचना अनुसारको नगर प्रहरी ईकाई रहनेछ ।

२) नगर प्रहरीको पद तथा तह देहाय अनुसार हुनेछ ।
क) नगर प्रहरी

ख) नगर जुनियर प्रहरी अधिकृत
ग) नगर प्रहरी, अधिकृत

**५. पदपूर्तिः** १) नगर प्रहरीको स्थायी पदपूर्ति प्रचलित कानून बमोजिम हुनेछ ,

२) नगर प्रहरीको स्थायी पदपूर्ति नहुँदा सम्म करारवाट काममा लगाईनेछ । करारवाट काममा लगाउँदा देहाय अनुसार लगाईनेछ ।

क) नगर प्रहरीः

नगर प्रहरीलाई करारवाट काममा लगाउँदा लिखित वा मौखिक वा प्रयोगात्मक वा शारीरिक अभ्यास मध्ये कुनै वा सवैको परिक्षा लिईनेछ । परीक्षामा सवै भन्दा वढी अंक ल्याउनेलाई शुरुमा तीन महिनाको परीक्षण करार सम्झौता गरी काममा लगाईनेछ । तीन महिनाको परीक्षण अवधिको काम संतोषजनक भएमा आर्थिक वर्ष ननाघ्ने गरी बढीमा एक वर्ष अवधिको करार सम्झौता गरी काममा लगाईनेछ । त्यस पछि आवश्यकता अनुसार एक एक वर्षमा करार सम्झौता गरी काममा लगाईनेछ । शुरु करार सम्झौता नगर प्रहरी भन्दा माथिको लागी गरिने छैन ।

ख) नगर जुनियर प्रहरी अधिकृत

नगर जुनियर प्रहरी अधिकृतको आवश्यकता देखिएमा नगर प्रहरीको पदमा कम्तिमा पनि पाँच वर्ष करारमा काम गरेको र आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको तथा कार्य क्षमता संतोषजनक रहेको नगर प्रहरीलाई नगर जुनियर प्रहरी अधिकृतको पदमा करार सम्झौता गरी काममा लगाईनेछ ।

ग) नगर प्रहरी, अधिकृत

नगर प्रहरी अधिकृतको आवश्यकता देखिएमा जुनियर नगर प्रहरीको पदमा कम्तिमा पनि पाँच वर्ष करारमा काम गरेको र आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको तथा कार्य क्षमता संतोषजनक रहेको नगर प्रहरीलाई नगर जुनियर प्रहरी अधिकृतको पदमा करार सम्झौता गरी काममा लगाईनेछ ।

२) गाउँपालिकाको आदेश र निर्देशन पालन गर्नु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

६. **योग्यता, नियुक्ति, बर्खास्तिः** १) योग्यताः नगर प्रहरीको नियुक्तिको लागी योग्यता कानून बमोजिम हुनेछ तर स्थायी पदपूर्ति नहुँदा सम्म करारमा काममा लगाउँदा तपशिल अनुसारका योग्यता पुगेको हुनु पर्नेछ ।

क) शैक्षिक योग्यताः नगर प्रहरीको नियुक्तिको लागी तपशिल अनुसारको न्यूनतम शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ ।

- नगर प्रहरी, श्रेणी बिहिनः आठ कक्षा उत्तिर्ण
- नगर प्रहरी, जुनियर अधिकृतः प्रमाण पत्र तह वा सो सरह
- नगर प्रहरी, अधिकृतः स्नातक तह वा सो सरह

ख) अनुभवः भूत पूर्व नेपाली सेना वा सशस्त्र प्रहरी वा नेपाल प्रहरी वा भारतीय सेनामा काम गरेको अनुभव । वा सुरक्षा सम्बन्धी तालिम लिएको वा सुरक्षा सम्बन्धी अन्य क्षेत्रमा काम गरेकोलाई वा सो अनुभव नभए पनि भौगोलिक ज्ञान भएको स्थानीयलाई प्राथमिकता ।

ग) शारीरिक अवस्था तथा तन्दुरुस्ती भएको ।

घ) अस्पतालवाट प्रमाणित भएको निरोगिताको प्रमाण पत्र ।

२) नियुक्तिः १) स्थायी नगर प्रहरीको कानून बमोजिम सिफारिस भई आएमा कानून बमोजिम नियुक्ति दिने अधिकारीवाट नियुक्ति हुनेछ ।

२) स्थायी पदपुर्ति नहुँदा सम्म नगर प्रहरीले गर्ने काम व्यक्ति करारवाट गरिनेछ ।

३) बर्खास्तिः नगर प्रहरीले आफ्नो कर्तब्य पालना नगरेमा वा कर्तब्य पालना गर्दा असावधानी वा लापरवाही गरेमा वा कर्तव्य पालनामा अयोग्य भएमा वा अनुशासन भंग वा अनुचित आचरण गरेमा निजलाई तत्काल बर्खास्त गर्न , सेवावाट हटाउन वा अवस्था हेरी देहाय अनुसार गर्न सक्नेछ ।

क) दर्जा घटाउन,

ख) तलब घटाउन,

ग) एक महिनाको तलबसम्म जरिवाना गर्न,

घ) निलम्वन गर्न ।

## परिच्छेद ३
## बृत्ति विकास र सेवासुविधा

**७. सेवा सुविधाः**

१) तलवः प्रचलित स्केल तथा आपसी सम्झौता बमोजिमको तलव सुविधा दिईनेछ ।

२) पोशाकः पोशाक वापत बार्षिक रु. १००००/- उपलब्ध गराईनेछ । विना पोशाक ड्यूटीमा बस्न पाईने छैन ।

३) चाडवाड खर्चः कम्तिमा ६ महिना सम्म काम गरेका वा गर्ने गरी एक महिनाको तलब वरावर बार्षिक एक पटक चाडवाड खर्च दिईनेछ ।

४) थप सुविधाः टोली कमाण्डलाई संचार र थप जिम्मेवारी वापत प्रति महिना एक मुष्ठ रु. २०००। नगदै थप सुविधा वापत भुक्तानी दिईनेछ ।

५) विदा सुविधाः क) घर विदाः महिनाको एक दिन घर विदा पाईनेछ ।

ख) विरामी विदा ड्यूटीमा वस्दा विरामी परेकोमा बढीमा तिन दिन विरामी विदा पाईनेछ ।

## परिच्छेद ४
## नगर प्रहरीको अधिकार र अनुशासन

**८. नगर प्रहरीको अधिकारः** १. नगर प्रहरीले तोकिएको काम, कर्तव्य र अधिकार प्रयोग गर्नु पर्दछ ।

२) नगर प्रहरीले आफुले पाएको अधिकार वा अख्तियार भन्दा बढी अधिकार वा अख्तियार प्रयोग गर्न पाउँदैन ।

९. **नगर प्रहरीको अनुशासनः** १) अधिकार प्राप्त अधिकारीले कानून बमोजिम दिएको आदेशलाई तदारुकताका साथ पालना तथा तामेल गर्नु पर्नेछ ।

२) गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुसंग पदीय मर्यादा अनुसार व्यवहार तथा शिष्टता, नम्रता तथा अनुशासन देखाउनु पर्नेछ ।

३) सर्वसाधारण जनतासंग शिष्ट व्यवहार गर्ने र महिला, बालबालिका तथा वृद्घहरुसंग मनासिव नम्रताकासाथ व्यवहार गर्नु पर्दछ ।

४) खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने , नचाहिँदो हैरानी नदिने ।

## परिच्छेद ५
## नगर प्रहरीको काम, कर्तव्य

१०. **नगर प्रहरीको काम, कर्तव्यः** १) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही देहायका काम र कर्तव्यमा सहयोग गर्नु नगर प्रहरीको काम, कर्तव्य हुनेछन् ।

क) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन, गाउँपालिकाले तर्जुमा गरेको नीति, कानून, मापदण्ड तथा गाउँपालिकाले गरेको निर्णय कार्यान्वयन गर्न गराउन सहयोग गर्ने ।

ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण, गाउँपालिकाको चल सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु । गाउँपालिकामा रहेको सार्वजनिक , पर्ति जग्गा , मठ, मन्दिर, गुम्वा, पाटी पौवा जस्ता अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु

ग) गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

घ) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

ङ) सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

छ) सार्वजनिक र पर्ति जग्गा, सार्वजनिक भवन, पार्क, गाउँपालिकाले वृक्षरोपण गरेको स्थान, गाउँपालिकाको सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

ज) विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्घार, राहत तथा पुनस्र्थापना,

झ) अनधिकृत विद्यापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण ।

ञ) छाडा चौपायाको नियन्त्रण ।

ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

ठ) कार्यपालिकाले तोकेको अन्य कार्य ।

ड) आन्तरिक आय वा कर छलि हुन नदिने ।

२) नगर प्रहरीलाई निजको कार्य जिम्मेवारी तोकि कार्य विवरण दिईनेछ ।

३) नगर प्रहरी हर हमेशा ड्युटीमा रहनु पर्नेछ । जुन सुकै वडाको जुनसुकै स्थानमा जुनसुकै बखत पनि खट्नु पर्नेछ ।

## परिच्छेद ६
## निर्देशनात्मक तह ( चेण्ड अफ कमाण्ड )

११. निर्देशनात्मक तह (चेण्ड अफ कमाण्ड) कर्तव्य पालनाको सिलसिलामा नगर प्रहरीले तपसिल अनुसारको निर्देशनात्मक तह ( चेण्ड अफ कमाण्ड ) मा रहेर काम गर्नु पर्नेछ ।

क) आफु भन्दा माथील्लो तहको प्रहरी
ख) कार्यालयको नगर प्रहरी हेर्ने सम्बन्धित शाखा
ग) प्रमुख प्रशासकीय अधिकृत
घ) गाउँपालिकाका अध्यक्ष

आफु भन्दा माथील्लो तहको प्रहरी भन्नाले नियम ४ को उपनियम २ अनुसार नगर प्रहरीको लागी नगर जुनियर प्रहरी अधिकृत, नगर जुनियर प्रहरी अधिकृतको लागी नगर प्रहरी, अधिकृत तर नगर जुनियर प्रहरी अधिकृत वा नगर प्रहरी अधिकृतको व्यवस्था नहुँदा सम्म टोली कमाण्ड तोकिनेछ र आफु भन्दा माथील्लो तहको प्रहरी भन्नाले सोही टोली कमाण्डलाई बुझ्नु पर्नेछ ।

## परिच्छेद ७
## दण्ड, सजाय र पुरस्कार

१२. **दण्ड, सजायः** १. नगर प्रहरीले पदीय मर्यादा विपरित काम गरेमा वा आफ्नो कर्तब्य पालना नगरेमा वा कर्तब्य पालना गर्दा असावधानी वा लापरवाही गरेमा वा कर्तव्य पालनामा अयोग्य भएमा वा अनुशासन भंग वा अनुचित आचरण गरेमा निजलाई तत्काल बर्खास्त गर्न , सेवावाट हटाउन वा अवस्था हेरी देहाय अनुसार गर्न सक्नेछ ।

क) दर्जा घटाउन,
ख) तलब घटाउन,
ग) एक महिनाको तलबसम्म जरिवना गर्न,
घ) निलम्वन गर्न ।

१३. **पुरस्कारः** देहायको अवस्थामा नगर प्रहरीलाई पुरस्कृत गर्न सकिनेछ ।

क) कार्य सम्पादन उत्कृष्ट भएमा,
ख) नगर प्रहरीको प्रयासवाट लक्ष्य भन्दा बढी वा नयाँ क्षेत्रवाट राजश्व वृद्धी भएमा,
ग) नगर प्रहरीको प्रयासवाट सरसफाई र वातावरणीय क्षेत्रमा उल्लेख्य सुधार भएमा ।

## परिच्छेद ८
## विविध

**१४. गाउँपालिकाको अधिकारः** नगर प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र प्रहरीलाई निर्देशन दिने अधिकार गाउँपालिकालाई हुनेछ ।

**१५. कार्यविधि, निर्देशिका, मापडण्द बनाउने अधिकारः** यस नियमावलीको अधिकार प्रयोग गरी गाउँपालिकाले कार्यविधि, निर्देशिका, मापडण्द बनाउन सक्नेछ ।

**१६. संशोधन, खारेजीः** प्रचलित कानूनसँग वाझिएमा संशोधन वा खारेज गरिनेछ ।

**१७. बचाउः** यस अघि भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

<u>**आज्ञाले**</u>
**रमेश सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**